# २०७२-७६ सम्म "राष्ट्र निर्माण, तपाई हाम्रो अभियान" अन्तर्गतका कार्यक्रम तथा परियोजनाहरु

विनाशकारी शक्तिशाली भूकम्प २०७२ पछिको समयमा तत्काल उद्धार र सहयोग सामग्रीसँगै पीडितहरूका लागि आवासको पनि उत्तिकै आवश्यकता रहेको थियो । विभिन्न संस्था, व्यक्ति तथा सरकारी गैरसरकारी संघ-संस्थहरूको पहलमा देश तथा विदेशमा रहनुहुने नेपालीहरूलाई सहयो गको अपील गर्दै २०७२ देखि नै प्रभावितहरूका लागि अस्थायी र स्थायी आवासको कार्यक्रम अगाडि बढाउने उद्देश्यले काभ्रेको पहरी गाउँबाट एकीकृत नमूना बस्ती विकासको अवधारणा अन्तर्गत काम गर्न सुरू भयो ।

## एकीकृत नमूना पहरी बस्ती

### काभ्रे जिल्ला, पहरी गाउँ

२०७२ को विनाशकारी भूकम्प  पछि तत्कालै पहिलो एकीकृत नमूना बस्तीको निर्माण भयो । काभ्रे को पहरी गाँउमा निर्माण गरिएको एकीकृत नमूना पहरी बस्तीमा तीन कोठाको २० वटा घर, प्रत्येक घरमा एक शौचालय, धारा र सानो फूलबारी रहेको छ । ९० जनाको समुदायको बस्तीमा पाँच द्यष्य नबक उबिलतक, एक ष्निजत तयधभच, एक विश्राम स्थान र एक सार्वजनिक शौचालय बनाइएको छ । पाँच रोपनी क्षेत्रफलमा बनाइएको यस बस्ती ६७ लाख ५० हजार लागतमा वि.सं. २०७२ जेष्ठ





१७ मा सुरू भएर वि.सं. २०७२ श्रावण २७ मा निर्माण सम्पन्न गरिएको थियो ।

| अन्य विवरण | |
|---|---|
| परियोजनाको नाम | : एकीकृत नमूना पहरी बस्ती |
| परियोजना सुरू गरिएको मिति | : २०७२ जेष्ठ १७ |
| परियोजना सकिएको मिति | : २०७२ श्रावण २७ |
| समय अवधी | : २ महिना १० दिन |
| घर संख्या | : २० |
| घरको कुल क्षेत्रफल | : ३७२ ब.फि. |
| घरको उचाई | : ११ फिट |
| कोठाको संख्या | : ३ वटा |
| शौचालय | : १ (घर भित्र) |

| | |
|---|---|
| धारा | : १ वटा |
| घरका कोठाहरूको क्षेत्रफल | : ११८१० .......... |
| घरको प्रकृति | : अस्थाई घरहरू, तत्काल बस्न मिल्ने सिमेन्ट बोर्डका |
| लाभग्राही परिवार संख्या | : २० |
| लाभग्राही किसिम | : भूकम्प पीडित |
| जम्मा जनसंख्या | : ९० |
| बसोवास गर्ने जाति समूह | : पहरी, ठकुरी |
| प्रति घर लागत | : ३ लाख ३६ हजार |
| जम्मा लागत | : ६७ लाख २० हजार |
| समन्वय तथा सहयोग | : नेपाली सेना, नेपाल प्रहरी |
| सहयोगी संस्था, व्यक्तिहरू | : देश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली र नेपाली भाषीहरू |
| निर्मित संरचनाहरू | : २० आवासीय घर, शौचालय, धारा, बगैंचा, ५ बायो ग्यास प्लान्ट, एक लाईट टावर |
| अन्य निर्मित संरचनाहरू | : प्रत्येक घरमा धारा, प्रत्येक घरमा गार्डेन, बायो ग्यास प्लान्ट ५, १ लाईटिङ् टावर, १ प्रतिक्षालय, १ सार्वजनिक शौचालय |
| संरचनाको प्रकृति | : भित्रै शौचलय भएको ३ कोठे घर, बालमैत्री, अपाङ्मैत्री, वातावरण मैत्री, भकम्प प्रतिरोधी, बाढी पहिरो प्रतिरोधी |
| परियोजनाको कुल क्षेत्रफल | : ५ रोपनी |
| कुल संकलन सहयोग | : ६७ लाख २० हजार |
| खर्च भई बाँकी रहेको सहयोग | : छैन् । |